# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा

१ नं. प्रदेश, नेपाल

## आन्तरिक आयको बोलपत्र आह्वानको सूचना ।
### दोस्रो पटक प्रकाशित मिति २०७८/०५/०३

कनकाई नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ अनुसार यस कनकाई नगरपालिकाको आ.व. २०७८/०७९का लागी आय संकलन गर्न तपशिल शिर्षक अनुसारको ठेक्का लगाउनु पर्ने भएकाले ठेक्का लिन चाहनु हुने योग्य फर्म/संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौ) दिन भित्र निम्न शर्तहरुको अधिनमा रहि बोलपत्र अपलोड गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| क्र.स. | ठे.नं. | ठेक्काको शिर्षक | आ.व. २०७८/०७९ को लागी न्युनतम अंक (भ्याट सहित) | बोलपत्र फारम दस्तुर (रु) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फारम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | KANAKAI/IR/10/077-78 | सूरुङ्गा बजार क्षेत्रतर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | ४४,११,०००।- | ३०००।- | २०७८/०५/१७ | २०७८/०५/१८ दिनको १२:०० बजे । | २०७८/०५/१८ दिनको २:०० बजे। |
| २ | KANAKAI/IR/12/077-78 | दुर्गापुर बजार क्षेत्रतर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | २,००,०००।- | १०००।- | | | |

शर्तहरु

१. खरिद भएका बोलपत्र अपलोड गर्दा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का शिर्षक, बोलपत्र दाताको फर्मको नाम, फर्मको आधिकारिक व्यक्तिको नाम, थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई आधिकारिक व्यक्तिले दस्तखत गरी अपलोड गर्नुपर्नेछ ।

२. बोलपत्र फाराम खरिद गर्दा बोलपत्र फारम दस्तुर यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १४७०३००००१००१००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर, ठेक्का नं. KANAKAI/IR/12/077-78,को हकमा स्थायी लेखा नम्बर वा मु अ कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र KANAKAI/IR/10/077-78 को हकमा मु अ क दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता नवीकरण समेत भएको प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा निवेदन संलग्न राखी www.bolpatra.gov.np बाट यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म खरिद गर्न सकिने छ ।

पिताम्बर गौतम
उपसचिव
(अधिकृत स्तर दशौं तह)

३. बोलपत्र फाराम  अलग अलग ठेक्काको लागी छुट्टाछुट्टै रुपमा खरिद गर्नुपर्नेछ र एउटा फर्मलाई एउटा ठेक्काको लागी एउटा मात्र फारम खरिद गर्न पाईने छ ।जसको नाममा फाराम खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र दाखिला गर्नुपर्नेछ ।

४. बोलपत्रदाताले फारममा उल्लेखित कबोल अंकको २.५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि सूरुङ्गा स्थित धरौटी हि.नं. १४७०३०००००३००००००००१ मा नगद जम्मा गरेको सक्कलै बैक भौचर अपलोड गर्नुपर्नेछ । धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुटै समावेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरमा धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शिर्षकको धरौटी हो सो स्पष्ट उल्लेख गर्नु पर्नेछ । बैंक ग्यारेण्टीलाई मान्यता दिईने छैन ।

५. बोलपत्र दाखिला गर्दा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, ठेक्का नं.KANAKAI/IR/12/077-78 को हकमा स्थायी लेखा नम्बर वा मु अ कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र KANAKAI/IR/10/077-78को हकमा मु अ क दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता नवीकरण समेत भएको प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र खरिद रसिद तथा धरौटी भौचर सक्कलै सहित यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं समेत स्पस्ट खुलाई फर्मको छाप लगाई बोलपत्र १६ औ दिनको १२ बजे सम्म अपलोड गर्नु पर्नेछ ।

६. बोलपत्र फाराम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । साथै उल्लेखित ठेक्काको न्युनतम अंक कार्यालयबाट उपलब्ध गराइने बोलपत्र फारम साथ संलग्न रहनेछ ।

७. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस लगत्तै कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

८. ठेक्का कवोल रकम एकमुष्ट बुझाएमा कवोल अंकको १० प्रतिशत छुट दिइने छ तर ठेक्का रकम किस्तावन्दी गरी बुझाउनेको हकमा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको १३ महिनासम्म अवधी भएको बैंक ग्यारेन्टी पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलानपूर्जि दिइने छ ।

९. कुनै वा सबै बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ ।

१०. प्राप्त भएका बोलपत्रहरु अन्तिम अपलोड गर्नु पर्ने दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

११. सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np वा यस कार्यालयको वेवसाइट www.kankaimun.gov.npमा हेर्न सकिनेछ ।

१२. यस संग सम्बन्धित अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

पिताम्बर गौतम
उपसचिव
(... स्तर दशौं तह)

# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

### आन्तरिक आयको बोलपत्र सम्बन्धी फारम

उपसचिव
(अधिकृत स्तर दशौं तह)

| सि. नं | ठेक्का नं. | ठेक्काको शिर्षक | बोलपत्र दाताले कबोल गरेको रकम | | धरौटी रकम | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | अंकमा (भ्याट सहित) | अक्षरमा (भ्याट सहित) | अंकमा | अक्षरमा | |
| १ | KANAKAI/IR/12/077-78 | दुर्गापुर बजार क्षेत्रतर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | | | | | |

संलग्न कागजातहरु:

२.

३.

४.

बोलपत्र दाताको नाम

ठेगाना

हस्ताक्षर

मिति

सम्पर्क नं.